# स्थानीय राजपत्र

## रामप्रसादराई गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ८ संख्या:२ मिति: २०८०।०९।१९

## भाग – २

### रामप्रसादराई गाउँपालिका

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

# रामप्रसादराई गाउँपालिकामा विभिन्न पदहरुको स्थायी/अस्थायी/करार सेवामा पदपुर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८०

कार्यपालिका बाट स्वीकृत मिति: २०८०।०९।११

रामप्रसादराई गाउँपालिका
वैकुण्ठे, भोजपुर,
कोशी प्रदेश, नेपाल

# रामप्रसादराई गाउँपालिकामा विभिन्न पदहरुको स्थायी/अस्थायी/करार सेवामा पदपुर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८०

**प्रस्तावनाः** रामप्रसादराई गाउँपालिकामा विभिन्न पदहरुमा स्थायी, अस्थाई, करार सेवामा पदपुर्तीको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड बनाउन वाञ्छनिय भएकोले रामप्रसादराई गाउँ कार्यपालिकाले यो मापदण्ड बनाएको

## परिच्छेद १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः-** (१) यस मापदण्डको नाम रामप्रसादराई गाउँपालिकामा विभिन्न पदहरुको स्थायी/अस्थायी/करार सेवामा पदपुर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८० रहेको छ।

(२)यो मापदण्ड तुरुन्त लागु हुनेछ।

**२.परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-**

(क) पदपुर्ती समिति भन्नाले गाउँपालिकाको स्वीकृत दरवन्दी अनुसार रिक्त पदमा स्थायी वा अस्थायी वा करार सेवामा पदपुर्तीको लागि गाउँ कार्यपालिकाको निर्णय अनुसार गठन हुने समिति सम्झनु पर्दछ।

(ख) गाउँ कार्यपालिका भन्नाले रामप्रसादराई गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) गाउँपालिका भन्नाले रामप्रसादराई गाउपालिकालाई सम्झनु पर्दछ।

## परिच्छेद २

## सेवा सुविधा सम्बन्धी व्यवस्था

**३.परिक्षा संचालनमा परिक्षा केन्द्रमा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी व्यवस्थाः-**

(१) लिखित परिक्षा संचालनमा परिक्षा केन्द्रमा खटिने कर्मचारीहरुको सेवा सुविधा देहाय बमोजिम हुनेछ,

(क) केन्द्राध्यक्ष रु.१०००।- प्रति परिक्षा

(ख) सहायक केन्द्राध्यक्ष रु.१०००।- प्रति परिक्षा

(ग) निरिक्षक रु.१०००।- प्रति परिक्षा

(घ) कार्यालय सहयोगी रु.५००।- प्रति परिक्षा

(ङ) सुरक्षाकर्मी रु.५००।- प्रति परिक्षा

(च) प्रस्नपत्र निर्माण गर्न रु.१०००।- प्रति परिक्षा

(छ) प्रस्नपत्र टाइपिङ रु.५००।- प्रति परिक्षा

(२) खण्ड (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यदी कुनै कर्मचारीलाई छ(६) कोष वा सोभन्दा टाढाबाट आउने गरी खटाईएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भ्रमण भत्ता वापतको रकम उपलब्ध गराईनेछ।

(३) लिखित परिक्षामा सफल उम्मेदवारहरुको अन्तरवार्ताको लागि खटिने कर्मचारीको सेवा सुविधा देहाय बमोजिम हुनेछः

(क) संयोजक रु.१०००।-

(ख) सदस्य रु.१०००।-

(ग) विशेषज्ञ रु.१०००।-

(घ) सहयोगी कर्मचारी रु रु.५००।-

(ङ) कार्यालय सहयोगी रु.५००।-

(च) सुरक्षाकर्मी रु.५००।-

**स्पष्टिकरणः प्रतिसिफ्ट भन्नाले बढिमा तीन घण्टाको समयलाई बुझाउनेछ।**

(४) खण्ड (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि यदी कुनै कर्मचारीलाई छ (६) कोष वा सोभन्दा टाढाबाट आउने गरी खटाईएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भ्रमण भत्ता वापतको रकम उपलब्ध गराईनेछ।

**४.उम्मेदवारको लिखित परिक्षाको उत्तर पुस्तिका जांच गर्ने परिक्षकले प्राप्त गर्ने सुविधाः-**

(१) उत्तर पुस्तिका जांचको लागि राजपत्रांकित वा सो सरहको कर्मचारीलाई खटाईनेछ,

(२) उत्तर पुस्तिका जांच गर्ने परिक्षकले प्रति उत्तर पुस्तिका विषयगत भए एकमुष्ट रु.१५००।- र वस्तुगत भए एकमुष्ट रु.१०००।- प्राप्त गर्नेछ,

**५.पदपुर्ति समितिमा रहने पदाधिकारीहरुको सुविधाः-**

(१) पदपुर्ति समितिमा रहने पदाधिकारीहरुले नियमानुसारको बैठक भत्ता वापतको रकम प्राप्त गर्नेछन्।

**६.यसै बमोजिम भएको मानिनेः-**

(१) यो मापदण्ड बन्नुपुर्व पदपुर्ति सम्बन्धमा भएका कार्यहरु यसै बमोजिम भएको मानिने र यसै मापदण्ड अनुसार सुविधा दिएको मानिनेछ।

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल